नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्याः-
च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका सन्दर्भमा सम्माननीय प्रधानमन्त्रीज्यूले दिनुभएको निर्देशन कार्यान्वयन गर्न/गराउन नेपाल सरकारका मुख्य सचिवज्यूबाट सातवटै प्रदेशका प्रमुख सचिवज्यूसँग आज भर्चुअल बैठक सम्पन्न भयो। उक्त बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यूहरूको सहभागिता रहेको थियो।

उक्त छलफलमा अक्सिजनको उपलब्धतालाई सहज बनाउन प्लान्टहरूको पूर्ण क्षमतामा उत्पादन गर्ने, यसको वितरण प्रणालीलाई सरल र पहुँचयोग्य बनाउन जोड दिनुपर्ने विषयमा छलफल भयो। छलफलमा कालोबजारी तथा कृत्रिम अभाव हुन नदिन र बजार अनुगमन तथा नियमनको विषयमा समेत छलफल गरिएको छ।

सो अवसरमा मुख्य सचिवज्यूले हाल मुलुकले व्यहोरिरहेको स्वास्थ्य चुनौती हल गर्न राष्ट्रिय आवश्यकतामा आधारित सोच, पूर्ण समन्वय, रोकथाम, नियन्त्रण र उपचारका सबै क्रियाकलापमा जोड दिन निर्देशन दिनुभयो। नेपाल सरकारबाट जारी भएको निषेधाज्ञा आदेशमा घोषणा भएका विषयमा प्रभावकारी अनुगमन, प्रदेश अन्तरगतका संरचनाको पूर्ण सक्रियता, जनचेतनाका लागि सामाजिक परिचालन जस्ता क्रियाकलाप, अस्पतालहरूको नियमन, बिरामीहरूले प्राथमिकता अनुरुप उपचार पाए नपाएको सम्बन्धमा सुपरीवेक्षण, अक्सिजन प्लान्ट पूर्ण क्षमतामा सञ्चालन भए/नभएको नियमन, उत्पादन भएको अक्सिजनलाई बिरामीको चापको आधारमा वितरण, उद्योगहरूको सुरक्षा, उद्योगहरूमा बिजुली, पानीको नियमित प्रवन्ध, स्थानीयतहसँग पूर्ण समन्वय, छिटो छरीतो निर्णय लिने पक्रिया जस्ता सबै पक्षमा सक्रिय भै कार्य गर्न/गराउन निर्देशन दिनुभयो।

मुख्य सचिवज्यूबाट समय-समयमा सुझावको समेत अपेक्षा राख्दै अक्सिजन उत्पादन गर्ने उद्योग जुनसुकै स्थानमा भएता पनि राष्ट्रिय आवश्यकताको आधारमा अक्सिजनको वितरण हुनुपर्ने, कतिपय अक्सिजन उद्योगहरूबाट साना तिना कारणले उत्पादन हुन नआएको अवस्था भएमा त्यस्ता सबै पक्ष र विषयलाई हेरी प्रदेशस्तरबाट विश्लेषण सहितको प्रतिवेदन माग गर्नुभएको छ। यस्तै सम्माननीय प्रधानमन्त्रीज्यूले राष्ट्रको नाममा सम्बोधन गरेका विषयको कार्यान्वयनको अनुगमन गर्न समेत आग्रह गर्नुभएको छ।

सबै नेपाली नागरिकको स्वास्थ्य उपचार राष्ट्रको कर्तव्य हो। हाम्रो सामुहिक दायित्वबाट राष्ट्रको कर्तव्य पुरागर्न सरोकारवाला सबैले आ-आफ्नो क्षेत्रबाट यस कठिन अवस्थामा राष्ट्रको जिम्मेवारी निर्वाह गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सबैमा हार्दिक अपिल गर्दछ।

मिति २०७८ जेठ ३

किरणराज शर्मा
प्रवक्ता

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np